# नेपालगञ्ज उप-महानगरपालिका कार्यालय

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०७३/०७४ का लागि स्वीकृत लक्षित समूह विकास कार्यक्रम कार्यान्वयन अन्तर्गत साझेदार संस्था छनौटको लागि तोकिएको कार्यक्षेत्रगत शर्त (TOR)**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार नेपालगञ्ज उप-महानगरपालिकाले लक्षित वर्गका कार्यक्रम तर्जुमा देखि कार्यान्वयन चरणका सवै प्रक्रियाहरुलाई व्यवस्थित रुपमा सम्पन्न गर्दै आईरहेको छ । सो बमोजिम यस उपमहानगरपालिकाले चालू आ.व. २०७३/०७४ मा स्वीकृत लक्षित वर्गका कार्यक्रमहरु स्थानीय गैर सरकारी संस्था, कम्पनी तथा फर्महरु मार्फत प्रारम्भिक आशय र प्रस्ताव मूल्याङ्कन विधिद्धारा सेवा प्रदायक छनौट गरी कार्यान्वयन गर्न देहाय बमोजिम कार्यक्षेत्रगत शर्त(TOR) तोकेको छ ।

**प्रस्ताव पेश गर्दा देहायका विषयमा स्पष्ट पारि उल्लेख गर्नुहोस्**

**१. कार्यक्रमको पृष्ठभूमी :** प्रस्ताव पेश गर्दा नेपालगञ्ज उप-महानगरपालिकाले सूचना प्रकाशित गरेको मिति र कुन, कुन वर्गका लागि कुन क्लष्टर वा समूहको के कार्यक्रम हो स्पष्ट उल्लेख गर्नुहोस् ।

**२. कार्यक्रमको उद्देश्य** :

(क) यस कार्यक्रमको उद्धेश्य सामाजिक तथा आर्थिक रुपले पिछडिएका अति विपन्न गरिवीको रेखामुनी रहेका महिला, दलित, आदिबासी, जनजाती, मधेशी, मुस्लिम, अपाङ्ग वर्गको सामाजिक, आर्थिक क्रियाकलापमा प्रत्यक्ष सहभागितामा सहयोग पुरयाउन क्षमता विकासका तालिम प्रदान गर्ने ।

(ख) कृषि, पशुपालन, मत्स्यपालन लगायतका व्यवसाय सञ्चालनमा प्रत्यक्ष सहयोग पुग्ने खालका कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ग) सामूहिक भावनाको अभिवृद्धी गर्ने खालका कार्यहरु गर्ने ।

(घ) सामाजिक शसक्तिकरणका माध्यमबाट समन्यायिक समाज रुपान्तरणमा टेवा पुरयाउने ।

**३. कार्यक्षेत्र :**

कार्यक्रम नेपालगञ्ज उपमहानगरपालिका क्षेत्र पुरै वा तोकिएको वडा क्षेत्र भित्र संचालन हुनेछ ।

**४. प्रारम्भिक सर्वेक्षण:** कार्यक्रम संचालन गर्नुपूर्व लक्षित समूह पहिचानका लागी सर्वेक्षण गर्ने विधि, सहभागी संख्या, कार्य अवधि लगायतका विषयहरु ।

**५. वडा समिति कार्यालय, स्वास्थ्य चौकी, वडा नागरिक मञ्च, वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालसंरक्षण समिति, बालक्लव सञ्जाल लगायत वडाभित्र रहेका सरोकारवालाहरु संगको समन्वय**: कार्यक्रम कार्यान्वयन गर्नुपूर्वको समन्वय, सञ्चालन गर्दा, कार्यान्वयन भै रहंदा र सम्पन्न पश्चात् समग्र कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने अवधी सम्मको समन्वय कसरी गर्ने हो ?

**६. कार्यक्रमको नाम, संचालन गर्ने विधि** : कार्यक्रमको नाम तथा संचालन गर्ने विधि ।

**७. संस्थाको साझेदारी :** प्रस्ताव पेश गरेको क्रियाकलाप सम्पन्न पश्चात लाभान्वित लक्षित समूहका व्यक्तिहरुको नियमित रेखदेख गरि उनीहरुको जीवनमा सकारात्मक परिवर्तन आउने गरि गर्न सकिने संस्थाको स्पष्ट मार्गचित्र उल्लेख गर्नुहोस् ।

**८. व्यवसायीकरणमा संस्थाको दुरदृष्टि** :

(क) सिप विकास तालिम लिएका व्यक्तिहरुको लघु कर्जामा पहुँच पुरयाई व्यवसायिकरण सम्बन्धमा ।

(ख) गत वर्ष नेपालगञ्ज उ.म.न.पा.बाट कार्यक्रम पाई सम्पन्न गरेका संस्थाहरुद्धारा सम्पादित क्रियाकलापहरु अन्तर्गत्का लक्षित समूहहरु हाल के गरिरहेका छन्, सम्पन्न पश्चात् संस्थाले फर्केर उनीहरुलाई हेरेर सो वारेमा उप-महानगरपालिकालाई जानकारी वा सहयोगका लागि आफ्नो तर्फबाट केही प्रयास गरेको छ-छैन् ? काल्पनिक कुरा नलेख्नुस, गरेको भएमात्र लेख्नुस् ।

**९. व्यवसायीक परामर्श तथा बजार विस्तार** : उद्यमीहरुबाट उत्पादित बस्तुहरुको सरल एवं सहज विक्री व्यवस्थापनको लागि बजारीकरण, सञ्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्ने योजना के छ ?

**१०. कार्य योजना:** कार्यक्रम कार्यान्वयनका लागि विस्तृत कार्ययोजना ।

**११. अनुगमन तथा मूल्याङ्कन विधी:** कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन तथा मूल्याङ्कन को द्धारा, कसरी गर्ने विधी उल्लेख गर्ने ।

**१२. सार्वजनिक परीक्षण:** स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधी, २०६७ अध्ययन गरि सो बमोजिम आफुले गर्ने सार्वजनिक परीक्षण वारेमा तरिका उल्लेख गर्ने ।

## छनौटका आधारहरुः

**१३. प्रारम्भिक आशय छनौट**

(१) सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन् ।

**१४. प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

१. संस्थाको अत्यन्त छोटो परिचय २. संस्थागत अनुभव र क्षमता ३. मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव ४. कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता ५. संस्थाको वार्षिक कार्यक्रम उ.म.न.पा.मा पेश ६. कार्यालय भवन तथा भौतिक सामाग्री ७. व्यवस्थापकिय क्षमता ।

**१५. प्राविधिक तथा आर्थिक प्रस्ताव:** माथि उल्लेखित विषय ध्यानमा राखी कम्तिमा एक तथा बढिमा ३ वटा सेवा प्रदायक संस्थाहरु मिलेर साझेदारीमा(Joint Venture) सूचना अनुसार विभाजन गरिएका क्लष्टहरु मध्ये कुनै १ (एक) वटा क्लष्टरमा मात्र प्रस्ताव पेश गर्न सक्नेछन र साझेदार गरी पेश गर्ने संस्थाको हकमा कुन संस्थाले नेतृत्व गर्ने हो सो कुरा अन्य साझेदार गर्ने संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई अध्यक्षद्धारा दस्तखत गरी छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ । साथै प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ । प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग नगरि एकैसाथ पेश गर्नुपर्नेछ । कार्यक्रमको विस्तृत लागत अनुमानमा सहभागीहरुलाई भत्ता दिने गरि पेश गरिएको आर्थिक प्रस्ताव स्वीकार्य हुनेछैन ।

**१६.. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**

प्रस्तावनाको अंक भार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको अंक ८० र आर्थिक प्रस्तावको अंक २० कायम गरिएको छ । प्राप्त प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ ।

**१७. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**पुनश्च:** *छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन ।*

**नोट :** *प्रस्तुत शिर्षक अन्तर्गत् रही प्रस्तावदाताले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ ।*